अनुसूची (२)

(दफा ४ तथा अनसूची–१ को भाग–२ सँग सम्बन्धित)

दोरम्बा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः २०७६

मितिः २०७६/०९/१०

भाग–२

दोरम्बा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

टोकरपुर, रामेछाप

३ नं. प्रदेश, नेपाल

## दोरम्बा गाउँ कार्यपालिकाको कार्यालयको सुचना

दोरम्बा गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

## विक्रम सम्वत २०७६ सालको कार्यविधि नं. ६

## कृषि व्यवसायमा संलग्न कृषकलाई यन्त्र उपकरण अनुदान उपलब्ध गराउने सम्वन्धमा वनेको कार्यविधि



Scanned with CamScanner

प्रस्तावना :

नेपाल कृषि प्रधान मुलक हो तापनि यहाँको कृषि प्रणालीमा हालसम्म कृषि यन्त्र उपकरणहरूको प्रयोग गरि कृषि व्यवसायको संचालन न्यून भएको देखिन्छ । तसर्थ कृषि पेशालाई आधुनिकरण प्रबर्द्धन गर्ने नीति गाउँपालिकाले लिईएको छ । आर्थिक वर्ष २०७६।०७७ देखि दोरम्बा गाउँपालिकामा बाली अनुसार खेतबारी तयारीमा प्रयोग हुने कृषि औजार उपकरणहरू सेटमा कृषकहरूको पहुँच बढाउन निश्चित अवधिका लागि अनुदानको व्यवस्था गर्न मिनिटिलर र त्यसमा प्रयोग हुने कृषि यन्त्र तथा उपकरणहरूमा अनुदान दिनको लागि यो आर्थिक कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०७६ जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

१) यो कार्यविधिको नाम "कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०७६" रहेको छ ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसंगले अर्थ नलागेमा यस कार्यविधिमा

क) "कृषि यन्त्र उपकरण" भन्नाले यस कार्यविधिको अनुसुची २ मा उल्लेख गरिए बमोजिमका यन्त्र उपकरणलाई सम्झनु पर्छ ।



ख) "उपभोक्ता" भन्नाले अनुदानमा कृषि यन्त्र उपकरण लिन ईच्छुक कृषि व्यवसाय गर्ने उद्देश्य लिई प्रचलित कानुन बमोजिम दर्ता भएको कृषक समुह, कृषि सहकारी, निजी फर्म, कृषि उद्यमीलाई सम्झनु पर्दछ । सो शब्दले कृषकलाई समेत जनाउँदछ ।

ग) "आपूर्तिकर्ता " भन्नाले अनुसुची २ मा उल्लेखित कृषि यन्त्र उपकरणहरू उपलब्ध गराउने कम्पनी, उत्पादक, वितरक, एजेन्ट, डिलर आदिलाई सम्झनु पर्दछ ।

### ३. कार्यक्रम संचालनको उद्देश्य :

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) खाद्यान्न बाली, तरकारी बाली उत्पादनमा यान्त्रिकरण गर्न सहयोग पुऱ्याउने ।

ख) प्रति उत्पादन वृद्धि तथा उत्पादन लागत घटाउने ।

ग) युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्ने/गराउने ।

घ) कृषिलाई आधुनिकरण, व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगार अवसरको सृजना गर्ने ।

## परिच्छेद -२

## कार्यक्रम संचालन

### ४. प्रस्ताव माग गर्ने :

१) गाउँपालिकाबाट दिने अनुदान ५ लाख भन्दा माथि भएमा १५ दिने सुचना प्रकाशित गरी सिलबन्दी दर भाउ पत्र मार्फत सुचना जारी गर्नेछ ।



Scanned with CamScanner

२) दोरम्बा गाउँपालिका कृषि यन्त्र उपकरणको आपुर्ति गर्न ईच्छुक आपुर्तिकर्ताहरू सँग ५ लाख भन्दा कम अनुदान गा.पा.ले दिईने व्यवस्था सुचीकृत फर्महरूबाट न्यूनतम दररेट भएको फर्मबाट कृषि उपकरणहरू ल्याउन सकिनेछ ।

३) उपदफा १ बमोजिम उपकरण सम्बन्धित फर्म वा व्यक्तिले उपलब्ध गराउने र अनुदानको हिस्सा गाउँपालिकाबाट सम्बन्धित संस्था वा फर्मलाई दिईने छ ।

४) उपदफा १ बमोजिम प्राप्त उपकरण गा.पा.ले सम्बन्धित कृषकलाई हस्तान्तरण गरी उपलब्ध गराईने छ ।

## ५. निवेदन माग गर्ने :

१) यस कार्यविधि बमोजिम कृषि यन्त्र उपकरणहरू सेटमा अनुदान दिन चाहने कृषक उपभोक्ताको लागि निवेदन दिन ३० दिनको म्याद दिई सुचना प्रकाशित गरिनेछ । यो कार्यविधि स्वीकृत हुनुभन्दा अगाडी सुचना भएको खण्डमा यसै बमोजिम भएको मानिनेछ ।

२) उपदफा १ बमोजिम अनुदान लिन चाहने उपभोक्ताले अनुसुची १ (ख) वा (ग) बमोजिमका कागजातहरू प्रमाण संग्लन गरी दोरम्बा गाउँपालिका कृषि शाखामा निवेदन दिनु पर्नेछ ।

## ६. छनौट समिति :

१) यस कार्यविधि बमोजिमको कार्य संचालनको लागि प्राप्त निवेदन छनौट देहाय बमोजिको समिति गठन हुनेछ ।

क) गाउँपालिका अध्यक्ष- अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष- सदस्य



ग) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत- सदस्य

घ) गाउँपालिका आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

ङ) गाउँपालिका कृषि शाखा- सदस्य

## ७. अनुदान छनौट समितिले अनुदान दिने मापडण्डः

अनुदानको तरिका लगायतको कार्यविधि आफैं छनौट गर्न सक्नेछ ।

## ८. प्रचलित कानुन लागु हुने :

प्रचलित कानुनमा व्यवस्था भएका विषयहरूमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

## ९. अन्तिम व्याख्या :

यस कार्यविधिको कार्यन्वयनमा दुविधा भएमा छनौट समितिको निर्णय अन्तिम हुनेछ ।

## १०. अनुसुची हेरफेर गर्न सक्ने :

यस कार्यविधिमा संग्लन अनुसुचीहरू आर्थिक विषय बाहेक कृषि विकास शाखाले हेरफेर गर्न सकिनेछ ।



Scanned with CamScanner

## अनुसुची-१

## निवेदनको ढांचा

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :

क) आपुर्तिको लागि :

१) संस्था दर्ताको प्रमाण पत्रको प्रमाण प्रतिलिपी

२) संस्था नवीकरण प्रमाणको प्रमाणित प्रतिलिपी वा कम्पनी भएमा रजिष्टरको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नुपर्ने छ ।

३) संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

४) गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

ख) कृषक समुह उपभोक्ताको लागि :

१. निवेदन

२. नागरिकता प्रमाण पत्रको प्रतिलिपी

३. जग्गा धनी लालपुर्जाको प्रतिलिपी

४. कृषक/कृषि समुह/कृषि सहकारी/कृषि फार्म भएमा सोको प्रमाण पत्रको प्रतिलिपी

५. सम्बन्धित वडाको सिफारिस



## अनुसुची-२

## अनुदानमा वितरण गरिने कृषि औजार उपकरणहरु

क) खाद्यान्नबाली तरकारी बाली, फलफूलबालीको लागि

| क्र.सं. | कृषि मेसिनरी, औजार उपकरणहरुको नाम | क्षमता | अनुदान रकम प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|
| १. | मिनिटिलर | ७ र ५.५ एच.पी. | | |
| २. | स्वचालित उपकरणहरू | | | |
| क) | मकै छोडाउने मेसिन | | | |
| ख) | कोदो चुट्ने मेसिन | | | |
| ग) | धान चुट्ने थ्रेसर | | | |
| घ) | सिल्पोलिक प्लाष्टिक टनेल | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |



Scanned with CamScanner

# अनुसुची-३

## निवेदनको ढाँचा

मिति : २०७६।  ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
दोरम्बा गाउँपालिका
टोकरपुर, रामेछाप ।

विषयः अनुदानमा कृषि सामाग्री पाउँ भन्ने बारे ।

प्रस्तुत विषयमा दोरम्बा गाउँपालिका कृषि शाखाको आ.व. २०७६।०७७ को वार्षिक स्वीकृत कार्यक्रमबाट म/कृषकसमुह/कृषि सहकारी/ कृषि फर्मलाई ........................... आवश्यक परेको हुँदा नर्म्स अनुसार उक्त सामाग्री उपलब्ध गराई पाउँ भनी यो निवेदन पेश गरेको छु /गर्दछौ ।

संग्लन कागजातहरु :

१) रू. १० को टिकट टाँस गरेको निवेदन
२) नागरिकताको प्रतिलिपी
३) जग्गा धनीपुर्जाको प्रतिलिपी
४) कृषक समुह, कृषि सहकारी, कृषि फार्म भएमा निर्णयको प्रतिलिपी, प्रमाण पत्रको प्रतिलिपी निवेदनसाथ पेश गर्नु पर्नेछ ।
५) गुठ्ठी जग्गा भएका किसानहरूले मालपोत कार्यालय मन्थलीमा तिरो तिरेको रसिद निवेदन साथ संग्लन राख्नु पर्नेछ ।
६) वडा कार्यालयको सिफारिस

निवेदक

नाम :

ठेगाना :

दस्तखत :

सम्पर्क :  छाप :

आज्ञाले,
दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner